बैठक संख्या: १९०/११/२०८२/०८३
मिति:२०८३/०२/२९
समय:बिहान दिनको ९.०० बजे

आज मिति २०८३/०२/२९ गते शुक्रबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिल:

| | | |
|---|---|---|
| १. | श्री रण बहादुर महरा: नगर प्रमुख | अध्यक्ष |
| २. | श्री कल्पना कुमारी जोशी पन्त: नगर उप-प्रमुख | सदस्य |
| ३. | श्री उत्तर देव भट्ट: वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. | श्री भोदुराम डगौरा: वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. | श्री नरेन्द्रप्रसाद चौधरी: वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. | श्री कमल ठकुल्ला: वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. | श्री चक्रबहादुर खड्का: वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. | श्री दान सिंह ऐर: वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. | श्री प्रताप धामी: वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. | श्री बहादुर सिंह महरा: वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. | श्री रमेश बहादुर ऐर: वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. | श्री लाल बहादुर ऐर: वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. | श्री शेर बहादुर साउद: वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. | श्री नवल सिंह राना: वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. | श्री लक्ष्मी देवी ऐर: नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. | श्री भुमा देवी चन्द: नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. | श्री शान्ती देवी ऐर: नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. | श्री सुर्जा बि.क: नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. | श्री गणेश विक: नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. | श्री सरस्वती कुमारी जोशी: नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. | श्री खेमराज बिष्ट : प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

Scanned with OKEN Scanner

## १६० औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०८३/०२/२६ गते

**निर्णय नं. १:** १८६ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।

**निर्णय नं. २:** शुक्लाफाँटा नगरपालिकाको आगामि आर्थिक बर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रमको मस्यौदा उपर छलफल गरि स्वीकृतिका लागि आगामि नगर सभा बैठकमा पेश गर्ने।

**निर्णय नं. ३:** आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तब्य स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:** शुक्लाफाँटा नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ स्वीकृतिका लागि आगामि नगर सभा बैठकमा पेश गर्ने।

**निर्णय नं. ५:** शुक्लाफाँटा नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८३ स्वीकृतिका लागि आगामि नगर सभा बैठकमा पेश गर्ने।

**निर्णय नं. ६:** प्रस्तावित विनियोजन विधेयक, २०८३ वमोजिम विनियोजन भएका शिर्षकहरुको रकम बाँडफाड र योजना तथा कार्यक्रम कार्यान्वयन वार्षिक कार्य योजना स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने।

**निर्णय नं. ७:** २२ औं नगर सभा बैठक देहायको मिति समय र स्थानमा संचालन गर्ने निर्णय गरियो।

मितिः २०८३/०३/०८ गते सोमबार
समयः विहान ८:०० बजे
स्थानः शुक्लाफाँटा नगरपालिकाको सभा हल।

**निर्णय नं. ७:** लेखा समितिबाट अनुमोदन भई प्राप्त शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बार्षिक लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरियो। उक्त प्रतिवेदन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** न्यायिक समितिबाट प्राप्त प्रतिवेदन उपर छलफल गरि आगामि नगर सभा बैठकमा पेश गर्ने।

**निर्णय नं. ६:** विभिन्न विषयगत समितिबाट प्राप्त प्रतिवेदनहरु उपर छलफल गरि आगामि नगर सभा बैठकमा पेश गर्ने।

**निर्णय नं. १०:** विभिन्न सरकारी तथा गैरसरकारी विकास साझेदार संस्थाहरुले आ. व. २०८३/८४ मा यस नगरपालिका अन्तरगत संचालन गर्न पेश गरेका कार्यक्रमहरु स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ११:** १८६ औं कार्यपालिका बैठकको निर्णय नं. २३ र २४ बमोजिम नाप नक्सा सम्बन्धि कार्यमा संलग्न कर्मचारीहरुलाई पारश्रमिक, थप सुबिधा तथा प्रोत्साहन वापत अपुग रकम ३ लाख १० हजार समपूरक कोषबाट भूक्तानी दिने।

**निर्णय नं. १२:** यस नगरपालिकाबाट कर तथा शुल्क सम्बन्धमा गरिएको करारोपणको विषयमा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही मात्र कर तथा

रण बहादुर महरा
नगर प्रमुख

शुल्क लगाइएको देखिएकोले यस नगरपालिकाबाट क्षेत्राधिकार बाहिर कुनै पनि करारोपण नभएको घोषणा गर्ने निर्णय गरियो।

**निर्णय नं. १३:**शुक्लाफाँटा नगरपालिकाबाट *"सुशासन, विकास व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, सूचना व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा सञ्चारमाध्यमको भूमिका सम्बन्धी पत्रकार क्षमता विकास, अभिमुखीकरण एवं अन्तरक्रिया कार्यक्रम"* सञ्चालन गर्ने कार्यक्रम खर्च शीर्षकबाट रु. १,२०,००० ।– (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १४:** शुक्लाफाँटा नगरपालिका वडा नं. ७ स्थित रहेको श्री धर्म जनता मा.वि. विद्यालयलाई खेलमैदान घेरवार तथा गेट निर्माणका लागि रु १,५०,००० ।- रकम समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १५:** शुक्लाफाँटा नगरपालिका र सबै वडा कार्यालयहरुबाट हाल सम्म सम्पादित कार्यहरु, योजना तथा कार्यक्रमहरु समेटी एक झलक नामक जानकारीमूलक पुस्तिका तयार गरी प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. १६:** वडा तथा शाखाहरुबाट प्राप्त चालु आ. व. २०८२/८३ का देहाय वमोजिमका योजनाहरु थप/रकमान्तर/ श्रोतान्तर /संशोधन गर्न नगर सभा समक्ष पेश गर्ने।

देहायः

| वडा / शाखा | साविकको योजनाको नाम | शिर्षक नं. | स्वीकृत रकम | हालको योजनाको नाम (संशोधन/थप गरिएको ) | प्रस्तावित रकम |
|---|---|---|---|---|---|
| न.पा | ईन्धन | | ४००००० | मसलन्द | ४००००० |
| २ | अधुरो सहिद गेट निर्माण | | १५०००० | श्री वैजनाथ आधारभुत विद्यालयका लागि LCDr साउण्ड बक्स खरिद | ५०,००० |
| | | | | ग्राभेल | १००००० |
| ४ | अति विपन्न परिवारको लागि शौचालय निर्माण | | ५०००० | अति विपन्न परिवारको लागि शौचालय निर्माण सामग्री खरिद तथा जडान | ५०००० |
| ५ | जयराज पैतोलाको जमिन नजिक स्याली नदीमा तटबन्ध निर्माण | | २५०००० | होमपाईप खरिद | १५०००० |
| | | | | ग्राभेल | १००००० |
| ६ | आवाश कार्यक्रम | | ५००००० | कमलताल टोल तर्कराज भट्टको घर उत्तर पट्टि सडक स्तरोन्नती | ५००००० |
| | | | | | |
| ७ | कार्यालय तथा डानिडा विद्युत महसुल | | ५०००० | सडक बत्ती खरिद | ५०००० |

रण बहादुर महरा
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | MBBS अध्ययनरत विद्यार्थिलाई छात्रबृत्ती | | ५०००० | कार्यालय व्यवस्थापन तथा विविध | ५०००० |
| | साना सवारी तथा जीप कार ड्राईभिङ तालिम | | ५०००० | ह्युमपाईप खरिद | ५०००० |
| | दलित लक्षित मागमा आधारित चल्पल बनाउने मेसिन अनुदान | | १००००० | वडा नं. ८ मा नदी कटान नियन्त्रणको लागि तार जाली खरिद | ४००००० |
| ८ | वडा नं. ८ का विभिन्न विधाका खेलाडीलाई खेलकुद सामाग्री खरिद हस्तान्तरण | | २००००० | वडा नं. ८ का विभिन्न विधाका खेलाडीलाई खेलकुद सामाग्री खरिद हस्तान्तरण | १००००० |
| | बरेंगाडा टोलमा एक घर एक सोलार खरिद हस्तान्तरण | | २००००० | - | ० |
| ६ | नगर उद्यान पार्क व्यवस्थापन | | २००००० | विभिन्न सडकहरुमा ग्राभेल गर्ने | २००००० |
| | सास्कृिक कार्यक्रम तथा रामलिला | | ७०००० | विविध | ७०००० |
| ११ | पूर्व पश्चिम राजमार्गको कलुवापुर राना टोल जाने बाटोमा गेट निर्माण | | ३००००० | खाल्डाखुल्डि ग्रेभल भरान | ३००००० |
| | | | | कार्यालय विविध | ५०००० |
| १२ | भौतिक निर्माण तथआ ग्राभेल प्रयोजका लागि ईन्धन तथा रोयल्टी | | २००००० | साहेव रानाको घर देखि दक्षिण बाली रानाको घर सम्म सडक ग्रेभल | १००००० |
| | | | | उन्नत जातको फलफुलको बिरुवा वितरण | ५०००० |
| | | | | | |

**निर्णय नं. १७:** शुक्लाफाँटा नगरपालिकाका कृषकहरुले लगाएको धानबालीको बेर्नामा विभिन्न किसिमका रोग र किरा देखा परेकाले सो नियन्त्रण गर्न रु ५० हजारको विषादी खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. १८:** शुक्लाफाँटा नगरपालिकाका वडा नं. १० नगरपालिका भित्र बनेको मोटर साईकल राख्ने ट्रस भित्र पि.सि.सि . ढलान कार्यका लागि रु ३,५६,००० ।- समपुरक कोषबाट खर्च गर्ने नगर प्रमुख स्तरिय मिति २०८३।०२।२६ गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १९:** शुक्लाफाँटा नगरपालिका भुमि सम्बन्धि कार्यमा खटिएका कर्मचारीलाई अपुग भएको २५ प्रतिशत भत्ता समपुरक कोषबाट दिने निर्णय गरियो।

**निर्णय नं. २०:** वडा नं. ६ त्रिवेणि टोल सडक मर्मत सम्भारका लागि रु ३ लाख समपूरक कोषबाट खर्च गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर महरा
नगर प्रमुख

**निर्णय नं. २१:** शुक्लाफाँटा नगरपालिका नगरकार्यपालिकामा कार्यरत नगर प्रहरीको क्षमता विकासका लागि तालिम संचालन गर्न रु ५ लाख बजेट व्यवस्थापनका लागि मिति २०८२।०६।०६ नगर प्रमुख स्तरिय निर्णय भएको हुदा उक्त निर्णय समर्थन गर्ने निर्णय गरियो।

**निर्णय नं. २२:** यस शुक्लाफाँटा नगरपालिकामा गत विगत देखि निरन्तररुपमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरुको आवश्यक्ता , औचित्यता, कार्यसम्पादनका आधारमा मिति २०८३।०४।०१ गते देखि लागु हुने गरि म्याद थप गर्ने निर्णय गरियो र अनुमोदनका लागि आगामी नगरसभा बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २३:** यस आ.व मा संघिय विशेस अनुदान अन्तर्गत स्याली नदि तटबन्ध गर्ने कार्यमा रु.६६ लाख बजेट बिनियोजन भएकोमा वाद न.१,१२,५ र ६ मा सयलाई नदि किनार तटबन्ध गर्ने कार्य को ठेक्का आह्वान (ठेक्का न. SMP/082-83/NCB/CW/14) भइ ठेक्का सम्पन्न भइसकेको छ | उक्त ठेक्का घटाघटीमा गइ बचत रकमको पुन: सोहि स्थानमा निरन्तर तटबन्ध आवश्यक रहेकोले यस नगरपालिकाको मिति २०८२/१०/१४ गतेको १८६ औं नगरकार्यपालिकाले ठेक्का खोल्ने निर्णय बमोजिम ठेक्का आह्वान भएको थियो (ठेक्का न. SMP/082-83/NCB/CW/29)|उक्त ठेक्का मु.अ.कर र कन्टिन्जेंसी सहित रु.२०१६२७१.०५ /- मा स्वीकृत भएकोमा उक्त ठेक्का बाफतको खर्च रकमको निकासा प्रदेश सरकारको विशेस अनुदान अन्तर्गत नहुने अवस्थामा सो को भुक्तानी यस नगरपालिकाको समपुरक कोषबाट गर्ने निर्णय गरियो।

**निर्णय नं. २४:** कंचनपुर जिल्ला खेलकुद समिति महेन्द्रनगरलाई १६औं केन्द्रीय स्तरिय राष्ट्रपती रनिङ शिल्ड खेलकुदको तयारीका लागि शैक्षिक गुणस्तर सुधार शिर्षकबाट रु ५० हजार भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. २५:** यस  यस नगरपालिकामा संचालनमा संचालनमा रहेका तपसिल बमोजिमका निर्माण योजनाहरुको पेट्रोलियम पदार्थको मुल्या बृद्धि अत्याधिक मात्रामा बढन गई बिटुमिनको अभाव तथा अन्य निर्माण सामाग्रिमा  बढेको महंगाई, संघीय चुनावले गर्दा  निर्माणकार्यको प्रगतिमा असर परेकोले तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

तपशिल :

| क्र.स | योजनाको नाम (ठेक्का न.) | म्याद थप गर्नु पर्ने मिति |
|---|---|---|
| १. | वडा न. १२ देखि बनसमिति वडा नम ६ सम्म नगर चक्रपथ कालोपत्रे निर्माण (ठेक्का नं : SMP/080-81/NCB/RCW/25) | २०८३/७/३० |
| २. | वडा न. ३ देखि वडा न. ४ नगर चक्रपथ सडक कालोपत्रे निर्माण ( ठेक्का न. SMP/082-83/NCB/RCW/17) | २०८३/४/३१ |
| ३. | मेष वायर जडान कार्य वार्ड न.१ खाजुवा,लौटा स्याली नदि किनार तथा वार्ड न.८ र ६ को सिमाना देखि दक्षिण खत्री टोल (ठेक्का न. SMP/082-83/NCB/CW/12) | २०८३/६/३० |
| ४. | मध्यमार्ग सडक वार्ड न.१ देखि वार्ड न.१२ सडक कालोपत्रे ( ठेक्का न. SMP/082-83/NCB/BTR/11) | २०८३/७/३० |

प्रमुख प्रशासकीय अधिकृत

शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

रण बहादुर म
नगर प्रमु



Scanned with OKEN Scanner

| | | |
|---|---|---|
| ५. | वार्ड न. ६ अगलीपट्टि मार्ग भुइयाँ हुदै बैजनाथ स्कुल सम्म जोड्ने सडक कालोपत्रे निर्माण ( ठेक्का न. SMP/082-83/NCB/BTR/10) | २०८३/७/३० |
| ६. | वार्ड नं ११ महेन्द्र राजमार्ग आंचल डेरी प्रतिक्षालय देखि दक्षिण समी चोक जाने सडक मर्मत गर्ने कार्यका (ठेक्का नं : SMP/082-83/NCB/RCW/28) | २०८३/५/३० |

**निर्णय नं. २५ :** यस शुक्लाफाँटा नगरपालिका वडा नं. ७ स्थित रहेको धर्म जनता मा.वि. मा संचालित राष्टपती रनिङ् शिल्ड प्रतियोगिता मा शु. न. पा. वडा नं. १ सिद्ध वैजनाथ मा.वि. का छात्र छात्रा खेलाडीहरुलाई आवत जावत गर्न प्रयोग गरिएको सु.प. प्र. ००१- २७२६ नं. को बस केही अज्ञात उछृखल व्यक्तीहरुले तोडफोड गरि बसमा क्षती पुर्याएको हुदा मर्मतका लागि रु २५००० ।- समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

Scanned with OKEN Scanner